# भूमिअधिकार

वर्ष ७, पूर्णाङ्क १७, वैशाख २०६६




## उच्चस्तरीय भूमिसुधार आयोग सुल्झाउला समस्या ?

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

# भूमिअधिकार

वर्ष ७, पूर्णाङ्क १७, २०६६ बैशाख (May 2009)

## गतिविधि... २२




## सुल्झाउला समस्या ? ........................................ ३

प्रसङ्ग बेदर्तावाल मोहीको हो । मुलुकमा करिब ४ लाख ५० हजारको सङ्ख्यामा रहेका यस्ता मोहीले वर्षौंदेखि जमिन कमाइआए पनि उक्त जमिनमा मोहियानी हक कायम हुन सकेको छैन । जमिनवालाले कुत तिरेको भर्पाइ नदिँदा, कानूनले खोजेका विभिन्न नं. का फाँटवारी नहुँदा र जमिनदारको डर त्रासका कारण तथा कतिपय अवस्थामा कर्मचारी तथा जमिनदारको मिलेमतोमा उनीहरू मोहियानी हक पाउनबाट वञ्चित भएका हुन ।



१९

सुल्झने बाटोमा कमैया
समस्या ........................................ १३

भियतनामको
भूमिसुधार यात्रा ........................................ १५

जीवनदेखि हारेर
भाग्छु नभन ........................................ १८

गतिविधि ........................................ २०

पुस्तक परिचय ........................................ २५

टिपनटापन ........................................ २७



१६

प्रकाशक:
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
धापासी, काठमाडौं, पोष्ट बक्स नं : १९७९०
फोन : ४३६०४८६, ४३५७००५, फ्याक्स : ४३५७०३३
E-mail : landrights@csrcnepal .org, Website : www .csrcnepal .org

# भूमि आयोग र अपेक्षा

भूमिपीडित अर्थात् भूमि अधिकारबाट वञ्चितहरूले वर्षौंदेखि माग गर्दै आएको उच्चस्तरीय भूमिसुधार आयोग गठन भएको छ । गठनको साँढे ४ महिनापछि बल्ल यसले काम थालेको छ । ढिलै भए पनि आयोगले पूर्णता पाउनु र काम थाल्नु नराम्रो कुरा होइन ।

आयोग गठन हुनु र काम थाल्नु आफैंमा ठूलो उपलब्धि होईन । हुन त यसअघिका थुप्रै आयोगका काम (प्रतिवेदन) त्यत्तिकै थन्किएर कार्यान्वयन नभएका देख्दा यसप्रति पनि पीडितलाई खासै आशा नलाग्न सक्छ । तर यसका अध्यक्ष हरिबोल गजुरेलले पटक पटक यो कार्यान्वयन हुने आयोग हो भनेबाट पीडितहरू निराश भइहाल्नुपर्ने अवस्था देखिन्न ।

वैज्ञानिक भूमिसुधारका लागि वातावरण तयार पार्न सुझाव दिने प्रमुख जिम्मेवारी यस आयोगले पाएको छ । एकातर्फ वैज्ञानिक भूमिसुधारको स्पष्ट परिभाषा आइसकेको छैन भने अर्कोतर्फ यस्तो भूमिसुधारको आ-आफ्नै बुझाइ पनि छन् । यस्तो अवस्थामा आयोगले सुझाउने विषयले भूमि अधिकारबाट पीडितहरूले राहत पाउने कि नपाउने भन्ने निर्धारण गर्छ ।

बेदर्तावाल मोही, उखडापीडित किसान, हरूवा चरूवा, गाउँब्लकबासी, चुरेपीडित, हलिया, मुक्त कमैया जस्ता थुप्रै समुदायका समस्या समाधान गर्ने अपेक्षा यो आयोगसँग राखिएको छ । तर आयोगको काम, कर्तव्य र अधिकार हेर्दा यसले उत्पादनलाई बढी महत्व दिएको देखिन्छ । आफूले वर्षौंदेखि पसिना बगाइआएको जमिनमा स्वामित्व नभएसम्म उसले के जाँगरले उत्पादन वृद्धिमा ध्यान, बुद्धि लगाउँछ भन्ने प्रश्नतिर ध्यान दिइएन भने सुझाव खासै प्रभावी हुने देखिन्न ।

अर्कोतर्फ नेपालजस्तो देशमा जमिन नै सबै कुरा मापन गर्ने विषय भएको छ तर यो आयोगले जमिनभन्दा पनि क्षतिपूर्तिका नाममा केही रकम दिने र त्यसलाई बैंकको सेयरमा रूपान्तरण गर्ने सोच अघि सारेको छ । मुक्त कमैया बसोबास गर्ने क्षेत्रमा लागू भएको भूमि बैंकको प्रभावकारिता हेर्दै नहेरी ल्याइन लागेको यस्तो अवधारणाले भूमिपीडितलाई राहत दिन्छ नै भन्न सकिने स्थिति छैन ।

विभिन्न पार्टी सम्मिलित सरकारले गठन गरेको र आयोग पनि त्यस्तै छ्यासमिसे भएकाले यसको सुझाव पनि सरकारमा सम्मिलित पार्टीहरू जस्तै आउने यसका अध्यक्षले बताएका छन् । उनको यस भनाइले आयोगले पेश गर्ने सुझाव खासै दमदार हुन्न कि भन्ने देखाएको छ ।

एकातिर पीडितहरूले अन्यायबाट राहत पाउने तीब्र अपेक्षा राखेका छन् भने अर्कोतर्फ यसको लोसेपन हेर्दा त्यो अपेक्षा पूरा हुन गाह्रो पर्ने देखिन्छ । सधैं भूमिसुधारको विरोधमा रहने पार्टीहरूसमेत सम्मिलित भएकाले यो आयोगलाई काम गर्न पक्कै गाह्रो छ तर चाह्यो भने यसले धेरै गर्न सक्छ । त्यसैले धेरै पीडितलाई न्याय दिलाएर सदाका लागि मन जित्न सकिने यो अवस्थाको सदुपयोग हुन सक्यो भने सरकार र पीडित दुवैलाई दीर्घकालीन फाइदा हुनेमा शङ्का छैन ।

मुलुककै मुहार फेर्न सक्ने र सबै पीडितले न्याय पाउनेखालको सुझाव आयोगले दिन सकोस् र त्यसलाई कार्यान्वयन हुनेखालको वातावरण बनाउन सकोस् । भन्ने जनअपेक्षालाई आयोगले बुझ्न सक्नुपर्दछ ।



## उच्चस्तरीय भूमिसुधार आयोग

# सुल्झाउला समस्या ?

■ रधुनाथ लामिछाने

मुलुक सङ्क्रमणकालमै छ । सबै तह र तप्काले अधिकारमार्फत् परिवर्तन खोजिरहेका छन् । शोषित र वञ्चितहरु यतिखेर राज्य पुनर्संरचनाले आफ्नो जीवनमा ल्याउने बहारबारे आशावादी छन् । यस्तै अधिकार खोजीमा रहेका समूहमध्ये एउटा हो- भूमिअधिकारबाट बञ्चित । जसले अरुजस्तै आशा सङ्गालेको छ- आफूले पूर्खौदेखि पसिना बगाएको जमिनमा अधिनत्व कायम गर्ने ।

मुलुकका सबै बासिन्दासँग जमिन हुनुपर्छ या पर्दैन, यो अलग विषय हो । तर जसले वर्षौंदेखि जुन जमिनमा खनिखोस्री गर्‍यो, जसका पूर्खाले त्यही माटोमा देह त्याग गरे, अनि जसको सम्पत्ति या जीविकोपार्जनको एकमात्र उपाय नै त्यही जमिन हो, यस्तो जमिनमा त्यही भूमिकर्मीको स्वामित्व नरहनुचाहिँ विडम्वना नै हो ।

प्रसङ्ग बेदर्तावाल मोहीको हो । मुलुकमा करिब ४ लाख ५० हजारको सङ्ख्यामा रहेका यस्ता मोहीले वर्षौंदेखि जमिन कमाइआए पनि उक्त जमिनमा मोहियानी हक कायम हुन सकेको छैन । जमिनवालाले कुत तिरेको भर्पाइ नदिँदा, कानूनले खोजेका विभिन्न नं. का फाँटवारी नहुँदा र जमिनदारको डर त्रासका कारण तथा कतिपय अवस्थामा कर्मचारी तथा जमिनदारको मिलेमतोमा उनीहरु मोहियानी हक पाउनबाट वञ्चित भएका हुन ।

कतिपय जमिनमा त जग्गाधनी एउटा, मोही अर्कै तर वर्षौंदेखि कमाउनेचाहिँ अर्कै व्यक्ति पाइएको छ । यस्तो अवस्थामा जसले जोतखन गर्दै पसिना बगाउँदै आइरहेको छ, ऊ नै त्यो जमिनको स्वामित्वबिहीन अवस्थाबाट गुज्रिरहेको छ । सरकारले २०५३ पुस २३ गते भूमि ऐनमा गरेको पाँचौं संशोधनले अब मोहियानी नलाग्ने भनेर यी पीडितहरुको स्वामित्व कायम गर्ने आशालाई सदाका लागि थन्काइदियो । त्यसपछि बेदर्तावाल मोहीहरुले बारम्बार आन्दोलन गर्दै आएका छन्, तर त्यसको सुनुवाइ कतैबाट हुन सकेको छैन ।

अर्कोतर्फ उखडा जमिनको समस्या उत्तिकै जल्दोबल्दो छ । नवलपरासी, रुपन्देही र कपिलवस्तुका करिब ५ हजार गरीब किसान आफूले वर्षौंदेखि खनजोत गरेर परिवारको पेट भर्दै आएको जमिनबाट हात धुनुपर्ने अवस्थामा छन् । कमाउने एउटा तर स्वामित्व अर्कैको नाममा भएका कारण उनीहरु पीडित हुनुपरेको हो । सरकारले यसबारे पटकपटक समिति गठन गरे पनि त्यो प्रभावी नहुँदा समस्या ज्युका त्युँ छ ।

मुलुकका ६८ जिल्लामा गुठीको जमिन छ । कुन कुन गुठीको जमिन कति छ, त्यसबाट आयस्ता कति आउनुपर्ने हो, त्यो उठिरहेको छ वा छैन, उठेको पनि सदुपयोग भएको छ कि छैन जस्ता यावत् प्रश्नबाट स्वयं गुठीको जिम्मा पाएको गुठी संस्थान अनभिज्ञ छ । एकातिर गुठीको जमिनमा

खेती गर्नेले आफूले खाइ नखाइ कुत बुझाइरहने र अर्कोतर्फ कुत उठाउनेले सम्बन्धित ठाउँमा दाखिला नगरी आफैं खाइरहने अवस्था विद्यमान छ।

काठमाडौंमा रहेका देवीदेवताका जात्रा, पर्वका लागि दोलखा, सिन्धुपाल्चोक वा अन्य जिल्लाका रहेका गुठी किसानले किन कुत बुझाउनुपर्ने भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ। केही धार्मिक व्यक्तिहरु तथा गुठीको जमिनबाट फाइदा लिन पल्केकाहरु धार्मिक रीतिरिवाज, पर्व, पूजा, जात्रा जस्ता सनातन संस्कार चालू राख्न यस्ता गुठी जमिन कायमै राख्नुपर्ने तर्क पेश गर्छन् तर उनीहरु विकल्पबारे भने सोच्न तयार छैनन्।

अर्कोतर्फ राजधानीमा हप्तौं हुने जात्रा, पर्व र त्यहाँ खर्च हुने लाखौं रुपैयाँ जुटाइदिने अभिभारा गाउँमा दिनरात पसिना चुहाउने किसानलाई बोकाउने अन्यायपूर्ण स्थितिबारे पनि उनीहरु चूप छन्। एकातिर गुठीका महङ्गा जमिन र सम्पत्ति भूमाफियाले हडप्दै जाने अर्कोतर्फ खर्चिला पूजा र पर्व धान्ने जिम्मेवारी भने गरीब किसानले बोक्नुपर्ने विडम्बना कायमै छ। यस्तो अवस्थामा गुठी जमिन कमाउने किसानले न्याय पाउन सकिरहेका छैनन्।

यी त भए केही प्रतिनिधिमूलक समस्या उठान। यस्ता समस्या दर्जनौं छन्, जसका कारण जीविकाको एकमात्र साधन भूमिमा आश्रित हुँदाहुँदै पनि त्यसको स्वामित्व भने कहिल्यै प्राप्त नहुने अवस्थाबाट मर्माहत किसान दोस्रो दर्जाको नागरिकका रुपमा बाँच्न विवश छन्। जसले भूमिमा स्वामित्व नभएकै कारण ऊ त्यस देशको बासिन्दा हो भन्ने प्रमाण नागरिकता पाउन नसक्नेदेखि सरकारले उपलब्ध गराउने सुविधाबाटसमेत वञ्चित हुनुपर्ने हुँदै आफूलाई कसैले निगाहामा दिएको झुपडीमा बत्ती बाल्न पाउने हैसियतसमेत गुमाउँछ।

भूमि अधिकारबाट वञ्चितहरुको यस्तो कहालीलाग्दो अवस्थाबीच अहिले फेरि उच्चस्तरीय भूमिसुधार आयोग गठन भएको छ। जसले पीडितहरुलाई 'केही हुने' आशा दिलाएको छ।

हुन त मुलुकमा भूमिपीडितका समस्या समाधान गर्न गठित यो पहिलो आयोग हैन। यसअघि पनि थुप्रै आयोग गठन भइसकेका छन्। तीमध्ये २०५१ सालमा गठित उच्चस्तरीय बडाल आयोगबाहेक अरु आयोगका प्रतिवेदनसमेत सार्वजनिक भएका छैनन्। सार्वजनिक भएको बडाल आयोगको प्रतिवेदन पनि कार्यान्वयनमा आउन सकेन। एमालेले गठन गरेको यो आयोगको प्रतिवेदन कार्यान्वयन हुने आशा उसको सरकार गिरावटसँगै अन्त्य भएको थियो।

***केही धार्मिक व्यक्तिहरु तथा गुठीको जमिनबाट फाइदा लिन पल्केकाहरु धार्मिक रीतिरिवाज, पर्व, पूजा, जात्रा जस्ता सनातन संस्कार चालू राख्न यस्ता गुठी जमिन कायमै राख्नुपर्ने तर्क पेश गर्छन् तर उनीहरु विकल्पबारे भने सोच्न तयार छैनन्।***

यसैगरी गुठीका जमिन व्यवस्थापन गर्नेलगायत्का प्रतिवेदन पेश गर्न पनि निकै आयोग बनेका हुन। तिनका प्रतिवेदन पनि सार्वजनिकसमेत हुन सकेका छैनन्। बनेका सबै आयोगका प्रतिवेदन थन्किएका तर समस्या भने झन् झन् बल्झिएका बेला गठन भएको यो आयोगप्रति पीडितहरु आशावादी हुनु स्वाभाविकै हो।

## आयोग गठनको पृष्ठभूमि

जनयुद्ध छेडिएका बेला 'घर कसको ? पोल्नेको, जमिन कसको जोत्नेको' भन्ने नारालाई गाउँबस्तीमा घन्काउँदै अघि बढेको दल माओवादीको नेतृत्वमा यतिबेला मुलुक चलेको छ। शोषित, पीडित र पछाडि पारिएका जनताको मुक्तिका लागि आन्दोलन छेडिएको बताउँदै आएको यो दलले भूमिका मुद्दालाई जहिले पनि प्राथमिकता दिँदै आएको पनि छ।

जब यो दललाई संविधानसभा चुनावले मुलुककै सबैभन्दा ठूलो दलका रुपमा उभ्यायो, स्वभाविकरुपमा यसले सरकारको नेतृत्व गर्नुपर्‍यो र गर्‍यो पनि। नाराका रुपमा घन्काउँदै आएको भूमि अधिकारलाई कार्यान्वयन गर्ने अभिभारा पनि सरकारमा पुगेलगत्तै यसकै काँधमा आइपर्‍यो।

हुन त माओवादी सरकारमा पुग्नुअघि पनि भूमिपीडितले आफ्ना माग अघि नसारेका हैनन तर तुलनात्मकरुपमा शोषित जनताको मुक्तिका लागि बढी काम गर्ने उनीहरु नै हुन भन्ने लागेर आम पीडितले माओवादीप्रति बढी नै आशा राखेका छन्। सरकारको नेतृत्व गरेको र सबैभन्दा ठूलो दलको हैसियतले यो दलले बढी गर्न सक्ने अपेक्षा ठीकै पनि हो।

नेपालको अन्तरिम संविधान २०६३ देखि नै भूमिका मुद्दालाई विशेषरुपमा उल्लेख गरिएको पाइन्छ। अर्थात् भूमिको समस्या समाधान नगरी शोषित पीडित जनताले सही न्याय पाउँदैनन् भन्ने यथार्थ सुरुदेखि नै स्वीकार गरिएको पाइन्छ। त्यसैले यो अन्तरिम संविधानमा सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने उल्लेख छ। यसैगरी सुकुम्बासी, कमैया, हलिया, हरुवाचरुवालगायत्का आर्थिक, सामाजिकरुपमा पछाडि परेका वर्गलाई जग्गालगायत् आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिइने पनि स्पष्ट उल्लेख गरिएको छ।

त्यतिमात्र हैन, यसपछिका हरेक महत्वपूर्ण सम्झौता हुन वा सरकार प्रमुखका घोषणा हुन, सबैमा भूमिसुधारको आवश्यकता स्वीकार गरिएको छ। त्यसैगरी बजेट र सरकारको नीति तथा कार्यक्रमले पनि यसको औचित्य पुष्टि गर्दै आएका छन्।

यसै क्रममा वर्तमान सरकारले २०६५ भदौ ५ गते सार्वजनिक गरेको सरकारको न्युनतम साझा कार्यक्रममा पनि

खेती गर्नेले आफूले खाइ नखाइ कुत बुझाइरहने र अर्कोतर्फ कुत उठाउनेले सम्बन्धित ठाउँमा दाखिला नगरी आफैं खाइरहने अवस्था विद्यमान छ ।

काठमाडौंमा रहेका देवीदेवताका जात्रा, पर्वका लागि दोलखा, सिन्धुपाल्चोक वा अन्य जिल्लाका रहेका गुठी किसानले किन कुत बुझाउनुपर्ने भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ । केही धार्मिक व्यक्तिहरु तथा गुठीको जमिनबाट फाइदा लिन पल्केकाहरु धार्मिक रीतिरिवाज, पर्व, पूजा, जात्रा जस्ता सनातन संस्कार चालू राख्न यस्ता गुठी जमिन कायमै राख्नुपर्ने तर्क पेश गर्छन् तर उनीहरु विकल्पबारे भने सोच्न तयार छैनन् ।

अर्कोतर्फ राजधानीमा हप्तौं हुने जात्रा, पर्व र त्यहाँ खर्च हुने लाखौं रुपैयाँ जुटाइदिने अभिभारा गाउँमा दिनरात पसिना चुहाउने किसानलाई बोकाउने अन्यायपूर्ण स्थितिबारे पनि उनीहरु चूप छन् । एकातिर गुठीका महङ्गा जमिन र सम्पत्ति भूमाफियाले हडप्दै जाने अर्कोतर्फ खर्चिला पूजा र पर्व धान्ने जिम्मेवारी भने गरीब किसानले बोक्नुपर्ने विडम्बना कायमै छ । यस्तो अवस्थामा गुठी जमिन कमाउने किसानले न्याय पाउन सकिरहेका छैनन् ।

यी त भए केही प्रतिनिधिमूलक समस्या उठान । यस्ता समस्या दर्जनौं छन्, जसका कारण जीविकाको एकमात्र साधन भूमिमा आश्रित हुँदाहुँदै पनि त्यसको स्वामित्व भने कहिल्यै प्राप्त नहुने अवस्थाबाट मर्माहत किसान दोस्रो दर्जाको नागरिकका रुपमा बाँच्न विवश छन् । जसले भूमिमा स्वामित्व नभएकै कारण ऊ त्यस देशको बासिन्दा हो भन्ने प्रमाण नागरिकता पाउन नसक्नेदेखि सरकारले उपलब्ध गराउने सुविधाबाटसमेत वञ्चित हुनुपर्ने हुँदै आफूलाई कसैले निगाहामा दिएको झुपडीमा बत्ती बाल्न पाउने हैसियतसमेत गुमाउँछ ।

भूमि अधिकारबाट वञ्चितहरुको यस्तो कहालीलाग्दो अवस्थाबीच अहिले फेरी उच्चस्तरीय भूमिसुधार आयोग गठन भएको छ । जसले पीडितहरुलाई 'केही हुने' आशा दिलाएको छ ।

हुन त मुलुकमा भूमिपीडितका समस्या समाधान गर्न गठित यो पहिलो आयोग हैन । यसअघि पनि थुप्रै आयोग गठन भइसकेका छन् । तीमध्ये २०५१ सालमा गठित उच्चस्तरीय बडाल आयोगबाहेक अरु आयोगका प्रतिवेदनसमेत सार्वजनिक भएका छैनन् । सार्वजनिक भएको बडाल आयोगको प्रतिवेदन पनि कार्यान्वयनमा आउन सकेन । एमालेले गठन गरेको यो आयोगको प्रतिवेदन कार्यान्वयन हुने आशा उसको सरकार गिरावटसँगै अन्त्य भएको थियो ।

***केही धार्मिक व्यक्तिहरू तथा गुठीको जमिनबाट फाइदा लिन पल्केकाहरू धार्मिक रीतिरिवाज, पर्व, पूजा, जात्रा जस्ता सनातन संस्कार चालू राख्न यस्ता गुठी जमिन कायमै राख्नुपर्ने तर्क पेश गर्छन् तर उनीहरू विकल्पबारे भने सोच्न तयार छैनन् ।***

यसैगरी गुठीका जमिन व्यवस्थापन गर्नेलगायत्का प्रतिवेदन पेश गर्न पनि निकै आयोग बनेका हुन । तिनका प्रतिवेदन पनि सार्वजनिकसमेत हुन सकेका छैनन् । बनेका सबै आयोगका प्रतिवेदन थन्किएका तर समस्या भने झन् झन् बल्झिएका बेला गठन भएको यो आयोगप्रति पीडितहरु आशावादी हुनु स्वाभाविकै हो ।

### आयोग गठनको पृष्ठभूमि

जनयुद्ध छेडिएका बेला 'घर कसको ? पोत्लेको, जमिन कसको जोत्लेको' भन्ने नारालाई गाउँबस्तीमा घन्काउँदै अघि बढेको दल माओवादीको नेतृत्वमा यतिबेला मुलुक चलेको छ । शोषित, पीडित र पछाडि पारिएका जनताको मुक्तिका लागि आन्दोलन छेडिएको बताउँदै आएको यो दलले भूमिका मुद्दालाई जहिले पनि प्राथमिकता दिँदै आएको पनि छ ।

जब यो दललाई संविधानसभा चुनावले मुलुककै सबैभन्दा ठूलो दलका रुपमा उभ्यायो, स्वभाविकरुपमा यसले सरकारको नेतृत्व गर्नुपर्थ्यो र गर्‍यो पनि । नाराका रुपमा घन्काउँदै आएको भूमि अधिकारलाई कार्यान्वयन गर्ने अभिभारा पनि सरकारमा पुगेलगत्तै यसकै काँधमा आइपर्‍यो ।

हुन त माओवादी सरकारमा पुग्नुअघि पनि भूमिपीडितले आफ्ना माग अघि नसारेका हैनन तर तुलनात्मकरुपमा शोषित जनताको मुक्तिका लागि बढी काम गर्ने उनीहरु नै हुन भन्ने लागेर आम पीडितले माओवादीप्रति बढी नै आशा राखेका छन् । सरकारको नेतृत्व गरेको र सबैभन्दा ठूलो दलको हैसियतले यो दलले बढी गर्न सक्ने अपेक्षा ठीकै पनि हो ।

नेपालको अन्तरिम संविधान २०६३ देखि नै भूमिका मुद्दालाई विशेषरुपमा उल्लेख गरिएको पाइन्छ । अर्थात् भूमिको समस्या समाधान नगरी शोषित पीडित जनताले सही न्याय पाउँदैनन् भन्ने यथार्थ सुरुदेखि नै स्वीकार गरिएको पाइन्छ । त्यसैले यो अन्तरिम संविधानमा सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने उल्लेख छ । यसैगरी सुकुम्बासी, कमैया, हलिया, हरुवाचरुवालगायत्का आर्थिक, सामाजिकरुपमा पछाडि परेका वर्गलाई जग्गालगायत् आर्थिक सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिइने पनि स्पष्ट उल्लेख गरिएको छ ।

त्यतिमात्र हैन, यसपछिका हरेक महत्वपूर्ण सम्झौता हुन वा सरकार प्रमुखका घोषणा हुन, सबैमा भूमिसुधारको आवश्यकता स्वीकार गरिएको छ । त्यसैगरी बजेट र सरकारको नीति तथा कार्यक्रमले पनि यसको औचित्य पुष्टि गर्दै आएका छन् ।

यसै क्रममा वर्तमान सरकारले २०६५ भदौ ५ गते सार्वजनिक गरेको सरकारको न्युनतम साझा कार्यक्रममा पनि

भूमिसुधारको अपरिहार्यता स्वीकार गरिएको छ। त्यसरी नै २०६५ कै भदौ २५ गते व्यवस्थापिका संसदको विशेष बैठकमा प्रस्तुत नीति तथा कार्यक्रम, असोज ३ को अर्थमन्त्रीको बजेट भाषण आदिमा पनि भूमि समस्या जल्दोबल्दो र समाधान नगरी नहुने विषय भएको स्वीकार गर्दै यसका लागि भूमिसुधार आयोग गठन गर्ने उल्लेख थियो। वैज्ञानिक भूमिसुधार, क्रान्तिकारी भूमिसुधार आदिका नाममा माओवादी नेतृत्वको वर्तमान सरकारले पटकपटक यसलाई महत्व दिँदै आएको छ।

पछिल्लो पटक २०६५ माघ १२ गते प्रधानमन्त्रीद्वारा मुलुकका नाममा जारी सार्वजनिक सम्वोधनमा पनि भूमिपीडितलाई राहत हुने केही वाक्य परेका छन्। जमिनमाथिको सामन्ती भूस्वामित्वको अन्त्य र जमिनको उत्पादनशीलता वृद्धि गर्न उच्चस्तरीय भूमिसुधार आयोगमार्फत् कामलाई प्रभावकारी ढङ्गले तत्काल अघि बढाइने उक्त सम्वोधनमा उल्लेख छ।

त्यसैगरी नेपाली समाजमा भूमिहीनको समस्या कहिल्यै सही ढङ्गले हल नभएको समस्या हो भन्दै सम्वोधनमा हरेक नागरिकसँग शिर ढाक्नलाई छानो र अरु पेशा व्यवसाय नभएका नागरिकलाई खोस्री खानलाई माटो हुनुपर्छ भन्ने यो सरकारको प्रष्ट मान्यता भएको उल्लेख छ। तसर्थ विगतमा विभिन्न कारणले दर्ता छुट भएका मोहीलाई निश्चित समय दिएर दर्ताका लागि आह्वान गरिने उल्लेख छ। साथै राष्ट्रिय मजदूर आयोग, सुकुम्बासी, मुक्त कमैया, हलिया, वादी र मुसलमान समुदायसमेतका अपेक्षाहरुलाई स्पष्टरुपले सम्बोधन गर्नका निम्ति अधिकार सम्पन्न आयोगहरु गठन गरिने प्रतिबद्धता पनि यो सम्बोधनमा व्यक्त गरिएको छ।

यति हुँदाहुँदै पनि र आवश्यकतालाई स्वीकार गरिँदागरिँदै पनि आयोग गठन भने हुन सकेको थिएन। संविधानसभाको निर्वाचनमा जनताका दैलो चाहार्न पुगेका एमाले, कांग्रेस जस्ता ठूला दलले समेत आफ्नो घोषणापत्रमार्फत् भूमि समस्यालाई

## उस्तै दुई आयोग

आयोग नेपालका सबै सरकारका रूचिको विषय बन्ने गरेका छन्। खासगरी कुनै समस्या आइलाग्यो भने आयोग बनाइदिने र थामथुम पार्ने प्रवृत्ति सरकारहरूले रूचाउँदै आएका छन्। माओवादी नेतृत्वको वर्तमान सरकारले पनि आयोगमा बढी नै चासो देखाएको पाइन्छ।

हुँदाहुँदा भूमिका सवालमा त उस्तै प्रकृतिका समस्या समाधान गर्न दुई छुट्टै आयोग गठन गरिएका छन्। एकातिर उच्चस्तरीय भूमिसुधार आयोग गठन भएको छ भने अर्कोतर्फ सुकुम्बासी समस्या समाधान सुझाव आयोग बनाइएको छ। यी दुवै भूमिसँग सम्बन्धित भएकाले छुट्टै आवश्यकता नै देखिन्न भने यिनीहरूले गर्ने काम पनि खासै भिन्न प्रकृतिको हुने देखिन्न।

त्यसैले होला अध्यक्ष तोकिएको महिनौंसम्म पनि यी आयोगले पूर्णता पाउन सकेका छैनन्। अध्यक्ष र सदस्यको चिनजान र भेटघाटसमेत छैन। उचित कार्यालय, बजेट, जनशक्ति र स्पष्ट काम, कर्तव्य र अधिकारसमेत नभएका कारण यस्ता आयोगप्रति पीडितको त के, आयोग पदाधिकारी नै निश्चिन्त हुन सकेका छैनन्। आयोगका पदाधिकारी तथा कर्मचारी आफूहरूलाई थन्क्याउन यहाँ राखिएको टिप्पणी सार्वजनिकरूपमै गर्न थालिसकेका छन्। 'सुकुम्बासी आयोगको हालत पनि सुकुम्बासीकै जस्तो' भएको टिप्पणी स्वयम् आयोगका अध्यक्ष कैलाश महतोले गर्नुले पनि उनी आफूलाई दिइएको काम कर्तव्यप्रति कति जागरूक छन् र त्यो पूरा गर्न कति उत्साही होलान् भन्ने देखाउँछ।

सुकुम्बासीका समस्या पहिचान गरी सुझाव दिने उद्देश्यले गठन गरिएको यो आयोगको म्याद ६ महिनाको छ। तर गठनको अढाइ महिना बितिसक्दा पनि यो आयोगसँग बजेट र पूर्णता दुवै छैन। अध्यक्ष र तीन सदस्य यो आयोगमा छन् भने दुई सदस्य नियुक्त हुनै बाँकी छन्। यो आयोग माघ २ गते गठन भएको थियो। त्यसैगरी ६ महिनाकै कार्यावधि तोकिएको उच्चस्तरीय भूमि आयोगले पनि कार्यालय उद्घाटनका दिनमात्र पूर्णता पायो। साँढे ४ महिना बितिसकेको यो आयोग ९ सदस्यीय हुने प्रावधान छ।

एउटै आयोग गठन गरेर त्यसलाई प्रभावकारी बनाउनुको साटो धेरै आयोग बनाएर धेरैलाई पद दिइ खुसी पार्ने रणनीतिका कारण आयोगहरू प्रभावी बन्न नसकेका हुन। आयोगलाई दिइएको कार्यावधि सकिन लाग्दासमेत त्यसले कुनै पनि हिसावले पूर्णता नपाउने अवस्थाले यसले गर्ने काम सहजै अनुमान लगाउन सकिन्छ। मुक्त कमैया पुनर्स्थापना आयोग अर्को यस्तै आयोग हो, जसले मुक्त कमैयालाई जमिन र अरू सुविधा उपलब्ध गराउनेबारे हेर्छ।

फागुन २६ गतेको मन्त्रिपरिषद्ले यही समस्या बुझेर होला एउटा निर्णय गरेको छ उस्तै आयोगहरूबारे। जसमा भनिएको छ- भूमिसम्बन्धी समस्यालाई समग्ररूपमा समाधान गर्नुपर्ने भएकाले नेपाल सरकारद्वारा गठन भएका अन्य आयोग (सुकुम्बासी, मुक्त कमैया आदि) सँग कार्यगत सम्बन्ध राखी एकिकृत ढङ्गले कार्यहरू अघि बढाउन सक्नेछ।

कार्यहरू अघि बढाउन सक्नेछ भन्ने अर्थमा भएकाले यो निर्णयले पनि सुझाव र काम गराइप्रति हुने दोहोरोपन रोक्न सक्ने देखिन्न। सबै आयोग स्वायत्त भएका र एउटाको अधीनमा अर्को आयोग नभएकाले कुनै एकले अर्कोलाई अह्राउन, आदेश दिन वा निर्देशन दिन सक्ने देखिन्न। जहाँसम्म कार्यगत एकताको कुरा छ, त्यसका लागि यो निर्णय नै आवश्यक देखिन्न।

समस्याचाहिँ यी आयोगले दिने सुझावमा देखिन्छ। किनकि उस्तै समस्यामा फरक फरक सुझाव आए भने तिनले समाधानमा द्विविधा उत्पन्न गराउँछन्। अर्कोतर्फ 'इज्जतको सवाल' बन्ने हुनाले र फरक समूह, फरक विचार, फरक लक्षित समूह आदि भएकाले आफूले दिएका सुझाव अर्कोसँग हुबहु मिलाउन पनि उनीहरूलाई सहज हुने छैन। जसको प्रत्यक्ष मार पीडितले बेहोर्नुपर्ने निश्चित छ। ●